## आर्थिक वर्ष २०८२।०८३ को

# प्रस्तुत बजेट वक्तव्य

## महावै गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## गैराखाडा, कालीकोट

# कर्णाली प्रदेश, नेपाल महावै गाउँपालिकाका उपाध्यक्ष श्री दानसिंह सेजुवालज्यू बाट

# आ.व. २०८२।०८३ को प्रस्तुत बजेट वक्तव्य

यस सम्मानित गाउँसभामा उपस्थित गाउँसभाका अध्यक्ष ज्यू सम्पूर्ण गाउँसभाका सदस्य ज्यूहरु प्रमुख प्रशासकिय अधिकृत लगायत सबै राष्ट्रसेवक कर्मचारी ज्यूहरु पत्रकार तथा यस सभामा उपस्थित सम्पूर्ण सहभागि ज्यूहरु, महावै गाउँपालिकाको १२औं बजेट प्रस्तुत वक्तव्य आर्थिक वर्ष २०८२।०८३ को बार्षिक बजेट प्रस्तुत समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनु भएकोमा मेरो व्यक्तिगत तर्फबाट र महावै गाउँपालिकाको तर्फबाट **हार्दिक स्वागत तथा अभिवादन** व्यक्त गर्दछु ।

नेपालको संविधान जारी भएपछि दोस्रो पटक सबै स्थानीय तह र वडाको निर्वाचन सम्पन्न भई तेस्रो वर्षको सुरुवातमा छौं । यस अवसरमा संघियता, गणतन्त्र नेपाल राष्ट्रको अग्रगमन र परिवर्तनको लागि सहादत प्राप्त गर्नुहुने विर शहिद तथा बेपत्ता योद्धाहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।घाईते तथा अपाङ्ग, योद्धाहरुलाई विशेष सम्मान गर्न चाहन्छु ।जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधार स्तम्भको रुपमा रहने स्थानीय सरकार नयाँ जनादेश सहित निर्धारित समयमा नै समाजवादमा प्रतिवद्ध रहि दिगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहना पुरा गर्ने दिशामा अग्रसर भएको छ । स्थानीय सरकार गठन भएदेखि नै हामि नीति निर्माण विकास र सेवा प्रवाहमा कृयाशिल हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई संस्थागत गर्न प्रयन्तशिल छौं । भौगौलिक, प्राकृतिक, ऐतिहासिक महत्वका दृष्टिले प्रवल सम्भावना भएको हाम्रो गाउँपालिका विकासको गतिमा अघि बड्ने प्रयत्नमा छौ । यसर्थ आगामी आर्थिक वर्षलाई विकास र सम्वद्धि तर्फ अग्रगामि छलाङको वर्ष हुने गरि नीति अनुरुपको बार्षिक बजेट तथा कार्यक्रम अगाडि सारेको छु । सोहि अनुरुप नै बजेट विनियोजन गरेको छु । साथै तिन वर्षको अवधिमा तिब्र विकासका साथै सडक, गाउँ–गाउँमा पि.सि.सि. बाटोहरु, केहि वडा कार्यालय भवन निर्माण, विद्यालय भवन निर्माण स्वास्थ्य संस्थाहरु निर्माण, सिंचाइ, खानेपानी तथा

सरसफाई एक घर एक धारा निर्माण लगायत आफ्नै गाउँपालिकाको अस्थायी प्रशासकिय भवन निर्माण गरि आम जनताहरुलाई सेवा प्रवाह गरि रहेका छौं ।

**आदरणीय गाउँसभाका सदस्य ज्यूहरु,**
अब म आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमको मार्गदर्शन सिद्धान्त र उद्देश्यहरुका बारेमा प्रकाश पार्ने अनुमति चाहन्छु ।

नेपालको संविधानको अनुसूची-८ मा उल्लेखित स्थानीय तहको अधिकार, नेपालको पन्ध्रौ योजना (२०८१/८२—२०८५/८६), संघिय अर्थ मन्त्रालयको नीति तथा बजेट निर्माण सम्बन्धी मार्गदर्शन, नेपालको लागि दिगो विकासको लक्ष्य २०३०, प्रादेशिक आर्थिक मामिला तथा योजना मन्त्रालयको सिद्धान्त, संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँड सम्बन्धी मापदण्ड २०७६ र चालु आर्थिक वर्षको केन्द्रिय तथा प्रदेश बजेट बक्तव्यका यी दस्तावेजहरु नै स्थानीय तहको नीति, योजना, कार्यक्रम र बजेट निर्माण गर्ने मार्गदर्शक सिद्धान्त रहेका छन् ।

**आदारणीय यस सम्मानित गाउँसभाका सदस्य ज्युहरु,**
हामी उदघोष गर्छौ

**कृषि, शिक्षा, स्वास्थ्य, सञ्चार, रोजगार र सडक पूर्वाधार ।**
**सुन्दर समृद्धि, आत्मनिर्भर महावैको आधार।**
भन्ने मूलनाराका साथ अब म आ.व. २०८२/०८३ का लागि महावै गाउँपालिकाको समग्र विकासका लागि बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

दानसिंह सेजुवाल
उपाध्यक्ष
महावै गाउँपालिका

महावै गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गैराखाडा, कालिकोट

## श्रोतगत कुल बजेट सीमा

**आ.व. : २०८२/०८३**

| सि. नं. | स्रोत समूह | बजेटको स्रोत/तह | स्रोत | प्राप्तिको विधि | जम्मा बजेट | अक्षररुपी | कै |
|---|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ८६४००००० | रु. आठ करोड चौसठ्ठी लाख रुपैया मात्र | |
| २ | प्रदेश सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ९७४८००० | रु. सन्तानब्बे लाख अठ्चालीस हजार रुपैया मात्र। | |
| ३ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | नगद अनुदान | १००६००००० | रु. दश करोड छ लाख रुपैया मात्र। | |
| ४ | बैदेशिक श्रोत | एस इ एस पी | बैदेशिक अनुदान | शोधभर्ना नुदान(बैदेशिक) | ३०००००० | रु. तीस लाख रुपैया मात्र। | |
| ५ | बैदेशिक श्रोत | एस इ एस पी | वैदेशिक ऋणको प्राप्ति | शोधभर्ना हुने ऋण(बैदेशिक) | ६१००००० | रु. एकसठ्ठी लाख रुपैया मात्र। | |
| ६ | बैदेशिक श्रोत | युरोपियन युनियन | बैदेशिक अनुदान | नगद अनुदान(बैदेशिक) | ३१००००० | रु. एकतीस लाख रुपैया मात्र। | |
| ७ | संघीय सरकार | आन्तरिक ऋण | आन्तरिक श्रोत | नगद (आन्तरिक ऋण) | ४५००००० | रु. पैतालिस लाख रुपैया मात्र। | |
| ८ | संघीय सरकार | नेपाल सरकार | विषेश अनुदान चालु | नगद अनुदान | ७५००००० | रु. पचहत्तर लाख रुपैया मात्र। | |
| ९ | संघीय सरकार | आन्तरिक ऋण | आन्तरिक श्रोत | नगद (आन्तरिक ऋण) | ५२००००० | रु. बाउन्न लाख रुपैया मात्र। | |
| १० | राजस्व बाँडफाँड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ९३६९४१९२ | रु. नौ करोड छत्तीस लाख चौरानब्बे हजार एक सय बयानब्बे रुपैया मात्र। | |
| ११ | प्रदेश राजस्व बाँडफाँड | प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १२०२७७४ | रु. बाह्र लाख दुई हजार सात सय चौहत्तर रुपैया मात्र। | |
| १२ | प्रदेश सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | नगद अनुदान | ५०३००० | रु. पाँच लाख तीन हजार रुपैया मात्र। | |
| १३ | प्रदेश सरकार | नेपाल सरकार | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | १५५००००० | रु. एक करोड पचपन्न लाख रुपैया मात्र। | |
| १४ | प्रदेश सरकार | नेपाल सरकार | विशेष अनुदान चालु | नगद अनुदान | ७०००००० | रु. सत्तरी लाख रुपैया मात्र। | |
| १५ | प्रदेश सरकार | नेपाल सरकार | समपुरक अनुदान पुँजीगत | नगद अनुदान | १४०००००० | रु. एक करोड चालीस लाख रुपैया मात्र। | |
| १६ | महावै गाउँपालिका | आन्तरिक राजस्व | आन्तरिक राजस्व | नगद | ७००००० | रु. सात लाख रुपैया मात्र। | |
| **कुल जम्मा बजेट रु.** | | | | | **३५८७४७९६६** | **रु. पैतिस करोड सतासी लाख सतचालीस हजार नौ सय छैसठ्ठी रुपैया मात्र।** | |